# घरमा आगो लाग्दा अपनाउनुपर्ने सुरक्षाका उपाय

## धुवा सचेतक यन्त्रहरु (स्मोक एलार्म)

☐ यो यस्तो एउटा यन्त्र हो जस्ले धुवा आएको पत्ता लगाउदछ र घण्टी वजाएर भाग्नका लागि सचेत गराउदछ ।
☐ हरेक घरमा प्रत्येक तलामा कमसेकम एउटा धुवा सचेतक यन्त्र (स्मोक एलार्म) राखिएको हुनुपर्दछ ।
☐ व्याट्री फेर्ने वेलामा वाहेक अघिपछि कहिल्यै पनि आफ्नो धुवा सचेतक यन्त्र (स्मोक एलार्म) वाट व्याट्री वाहिर ननिकाल्नुहोस ।
☐ केही धुवा सचेतक यन्त्र (स्मोक एलार्म) हरुमा व्याट्री फेरि राख्नु पर्ने हुन्छ । यदि यसवाट “चुईचुई” आवाज आयो भने त्यस वेला व्याट्री फेरिहाल्नुहोस ।
☐ तपाईको सचेतक यन्त्र (एलार्म) ले आवाज निकाल्छ भन्ने कुरामा ढुक्क भैराख्नका लागि प्रत्येक महीनामा सचेतक यन्त्र (एलार्म) लाई नियमित जाच गर्ने गर्नुहोस ।

## पकाउने

☐ पकाउदा खेरी त्यसै छोडेर अन्त नजानुहोस ।
☐ स्टोभ सफा राख्नुहोस र यसलाई पकाउने काममा मात्र प्रयोग गर्नुहोस ।
☐ यदि चिल्लो पदार्थ (तेल ध्यू वोसो ) वाट आगो सल्केमा वर्नरलाई निभाइ दिनुहोस र ताप्के तावा (प्यान) लाई विर्कोले ढाकिदिनुहोस । आगोमा पानी नखन्याउनुहोस !

## तताउने

☐ चीजवीजहरुलाई सवै किसिमका हिटरहरुवाट टाढा राख्नुहोस ।
☐ वालेको ठाँउवाट छोडेर अन्त कतै जानु पर्दा वा सुत्न जानु पर्दा वोकेर लैजान सकिने हिटरलाई (पोर्टेवल हिटर) लाई निभाएर जाने गर्नुहोस ।
☐ वोकेर लैजान सकिने (पोर्टेवल) हिटरमा विस्तार गर्ने तार (एक्सटेन्सन कर्ड) को कहिल्यै प्रयोग नगर्नुहोस ।

## कार्वनमोनोक्साइड विष

☐ केही उपकरणहरु तथा मेशीनहरुले विषालु ग्यास पैदा गर्दछन् । त्यस्तो ग्यास देख्न वा सुघन सकिदैन (त्यस्तो ग्यासको गन्ध थाहा पाइदैन) ।
☐ घरभित्र, ग्यारेजहरु भित्र र अरु वन्द ठाँउहरुमा वा खुला भएको झ्यालको वाहिर पट्टि निम्न कुराहरुलाई प्रयोग नगर्नुहोस : जेनेरेटर, कोइलाले सेकाउने चारकोल ग्रिल, क्याम्पीगँमा जादा प्रयोग गरिने स्टोभ (क्याम्प स्टोभ), सवारीसाधन वा पेट्रोलियम पदार्थ (ग्यासोलिन) वाट चल्ने अरु इन्जिन ।
☐ आफ्नो घरलाई तातो वनाउन कहिल्यै पनि ग्यास ओभनको प्रयोग नगर्नुहोस । एकैछिनका लागि मात्र भने पनि प्रयोग नगर्नुहोस ।

## घरमा आगो लागेमा -

☐ सवैजना वाहिर निस्कनुहोस ।
☐ आफ्नो परिवार जम्मा हुने गरेको ठाँउमा जानुहोस ।
☐ सहायताका लागि ९११ मा फोन गर्नुहोस ।
☐ कहिल्यै पनि आगो लागीरहेको घर वा भवन भित्र फेरि फर्केर नपस्नुहोस ।

## ९११ मा तपाईले कहिले फोन गर्ने -

☐ आपतकालीन अवस्थामा ९११ मा फोन गर्नुहोस । आगो निभाउन, स्वस्थ्य सहयोग लिन र प्रहरी वोलाउन यसलाई प्रयोग गर्नुहोस । ९११ मा फोन गर्दा पैसा लाग्दैन ।
☐ यदि तपाई अंग्रेजी वोल्नुहुन्न भने तपाई जुन भाषा वोल्नु हुन्छ त्यस भाषाको दोभाषे पाउनका लागि तपाईले वोल्ने भाषाका वारेमा अपरेटरहरुलाई वताउने कोशिश गर्नुहोस ।
☐ तपाईलाई कस्तो खालको आपत्ती परेको तथा तपाईको ठेगाना भन्नको लागि तयार हुनुहोस ।

**NEPALESE**